कार्यपालिकाको ४५ औं वैठकका निर्णयहरु

निर्णय नं. १.

कार्यापालिकाको अघिल्लो ४४ औं वैठकमा भएका ८ वटा निर्णय र सो सम्बन्धमा भएको कार्य प्रगतिको वारे छलफल तथा समीक्षा गरियो। वैठकमा भएका निर्णय बमोजिम नगर खेलकुद विकास समिति गठन भई कार्य अघि वढिसकेको र वागमती प्रदेश सरकारको प्रदेश समपुरक अनुदान र प्रदेश विशेष अनुदानबाट सञ्चालित योजना छनौट भई वागमती प्रदेशमा सिफारिस पठाई सकिएकाले निर्णय कार्यान्वयनमा सहयोग पुर्याउने सम्बध्द सबै पक्षलाई धन्यवाद प्रदान गर्ने ।

निर्णय नं. २.

संस्थागत स्वमूल्याङ्कन सूचकांक २०७७ मा आधारित रहेर ४३ औं कार्यपालिका वैठकमा भएको वृहत छलफल पश्चात यस नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को गरिएको संस्थागत स्वमूल्याङ्कनबाट प्राप्त प्रारम्भिक नतिजा अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने र उपलब्धी प्राप्तीमा सहयोग पुर्याउने सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीलाई धन्यवाद दिने । कार्य सम्पादन राम्रो भएर पनि अभिलेख व्यवस्थापनमा पर्याप्त ध्यान दिन नसक्दा अपेक्षित रुपमा नतिजा सन्तोषजनक हुन नसकेकाले चालु आ.व. देखि दस्तावेजीकरण र अभिलेख व्यवस्थापनमा विशेष ध्यान पुर्याउन नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने। साथै गत वर्षको प्राप्त भएको कुल प्राप्त अंक ६३.२५ लाई सन्तोषजनक उपलब्धीका रुपमा लिई थप सुधारका लागि कार्य प्रक्रिया अगाडि वढाउने प्रतिवध्दता जाहेर गर्ने।

निर्णय नं. ३.

आगामि आर्थिक वर्षको वार्षिक योजना तर्जुमाको तयारीको देहाय वमोजिमका समय सारिणी पारित गर्ने ।

## आगामी आ.व.२०७८/७९ को योजना तथा वजेट निर्माणको समय सारिणी

| सि.नं. | चरण | कार्य तालिका |
|---|---|---|
| १ | राजश्व परामर्श समितिको आय व्ययको प्रक्षेपण सहितको विवरणका लागि राजश्व परामर्श समितिको वैठक | |
| २ | संघ र प्रदेशबाट बजेट सीमा प्राप्त गर्ने | |
| ३ | पूर्व योजना तर्जुमा वैठक/अन्तर्क्रिया/सरोकारवाला/विज्ञसँगको अन्तर्क्रिया र सुझाव संकलन | वैशाख ५ |
| ४ | राजश्व प्रक्षेपण | वैशाख ८ सम्म |
| ५ | स्रोत अनुमान तथा वजेट सीमा निर्धारण | वैशाख ९ |
| ६ | विषयगत समिति वैठक | वैशाख १४ भित्र |
| ७ | बस्ती तहका योजना छनौटका लागि वडा भेला | वैशाख २५ सम्म |
| ८ | विषयगत समितिका (वैठक आवश्यकताका आधारमा) | जेठ [illegible]० सम्म |
| ९ | एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा (विषयगत समितिमा छलफल गराई बजेट तथा एकिकृत कार्यक्रमको खाका तयार) | जेठ २५ |
| १० | नगर कार्यपालिकाबाट वजेट तथा कार्यक्रम स्वीकृत | असार २ गते भित्रमा |
| ११ | नगरसभामा वजेट पेश | असार गते १० भित्रमा |

निर्णय नं. ४.

विश्वमा नै महामारीको रुपमा फैलिएको कोभिड १९ को दोस्रो लहर फैलिदै गएको छ । छिमेकी मुलुक भारतमा हाल दैनिक पचास हजारको हाराहारीमा नयाँ संक्रमित फेला पर्न थालेका छन् । यसबाट नेपालमा पनि यसको संक्रमण तिब्र गतिमा फैलने खतरा वढेकाले मन्थली नगर क्षेत्रमा कोभिड १९ को दोस्रो लहरको सम्भावित संक्रमण रोक्न सम्बध्द सबै पक्षलाई क्रियाशिल र जिम्मेवार बनाई आइसोलशन कक्ष, स्वास्थ्य सामाग्री व्यवस्थापन, पर्याप्त औषधी लगायतको व्यवस्थापनका साथै भारत लगायत वाहिरी मुलुकबाट भित्रने नागरिकमाथि निगरानी वढाउने ।

निर्णय नं. ५.

सामुदायिक रेडियो प्रशारक संघ जिल्ला समन्वय समिति रामेछापको भवन निर्माणका लागि निवेदक संस्थाको माग वमोजिम भवन निर्माणका लागि म.न.पा १ खाँदवारी पाखोमा आवश्यक जग्गा उपलब्ध गराउन सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी सम्बन्धित निकायहरुमा सिफारिस गरी पठाउने ।

निर्णय नं. ६. मन्थली नगरपालिकाका सबै वडाहरुमा कृषि तथा पशुसेवा उपलब्ध गराउन साविकमा रहेका कृषि तथा पशु सेवा केन्द्रलाई यथावत राखी देहाय वमोजिमका कृषी तथा पशु सेवा केन्द्र स्थापना गर्ने।

| वडा नं. | सेवा केन्द्रको विवरण | सेवा उपलब्ध हुने अन्य वडा | वडा नं. | सेवा केन्द्रको विवरण | सेवा उपलब्ध हुने अन्य वडा |
|---|---|---|---|---|---|
| ३ | कृषि सेवा केन्द्र | २ | १० | पशु सेवा केन्द्र | ११,१२ |
| ५ | कृषि सेवा केन्द्र | ४ | २ | पशु सेवा केन्द्र | ३ |
| १२ | कृषि सेवा केन्द्र | ११ | ४ | पशु सेवा केन्द्र | ५ |
| १४ | कृषि सेवा केन्द्र | १३ | ८ | पशु सेवा केन्द्र (साविक) | ७ |
| ११ | कृषि सेवा केन्द्र | १२ | ९ | पशु सेवा केन्द्र (साविक) | ९ |
| १ | कृषि सेवा केन्द्र (साविक) | ६,७ | १३ | पशु सेवा केन्द्र | १४ |
| | | | १ | पशु सेवा केन्द्र (साविक) | ६ |